Nepali | नेपाली

storm and flood ready



# आँधीबेहरी र बाढीका बेला तयारी अवस्थामा रहनुहोस्

SES
TAS STATE EMERGENCY SERVICE

Tasmanian Government

**आफ्नो जोखिमबारे जानकारी राख्नुहोस्।**
**आफ्नो घरपरिवारलाई तयारी अवस्थामा राख्नुहोस्।**
**सम्भव भएसम्म जोखिम कम गर्नुहोस्।**
**अरूसँग जोडिनुहोस्।**
**अद्यावधिक रहनुहोस्।**
**सुरक्षित भएर कदम चाल्नुहोस्।**




# विपत्ति आउनु अगाडि

## आफ्नो जोखिमबारे जानकारी राख्नुहोस्।


**आँधीबेहरी जुनसुकै बेला जहाँ पनि आउन सक्छ र यसले बाढी निम्त्याउन सक्छ।**

आँधीबेहरीले रूखहरू, भवनहरू र बिजुलीका तारहरूमा क्षति पुऱ्याउन सक्छन्।



**बाढीको पानीको तह द्रुत गतिमा बढ्न सक्छ।**
**आँधीबेहरी वा बाढीले तपाईंको घरलाई क्षति नपुऱ्याएतापनि, निम्न कुराहरु अवरुद्ध हुन सक्छन्**

- बिजुली
- फोन र इन्टरनेट सेवा
- सडकको पहुँच



तपाईंको घर वा सडक छेउछाउमा बाढी आउने सम्भावनाबारे आफ्नो स्थानीय काउन्सिललाई **सोध्नुहोस्**।

रेडियो वा इन्टरनेटमा चेतावनीहरू र मौसम पूर्वानुमानहरू **हेर्नुहोस्**।

# आफ्नो घरपरिवारलाई तयारी अवस्थामा राख्नुहोस्।

**तपाईंको घरपरिवारका सबैले बुझ्ने आपतकालीन योजना बनाउनुहोस्।**


**सहयोगार्थ चेकलिस्टहरू छन् - ses.tas.gov.au/prepare वा redcross.org.au/emergencies मा हेर्नुहोस्।**

## आपतकालीन किट तयार पार्नुहोस्।

### अहिले नै प्याक गर्नुहोस्




ब्याट्रीबाट चल्ने रेडियो र टर्च लाइट, थप ब्याट्रीहरू



तपाईंको आपतकालीन योजना जस्ता महत्त्वपूर्ण जानकारी



रबर वा छालाको बलियो पन्जा



प्राथमिक उपचार किट




खाना र पानी


### आवश्यक पर्दा प्याक गर्नुहोस्



न्यानो लुगा, बलियो जुत्ता वा बुटहरू



औषधी, चश्मा र अन्य आवश्यक वस्तुहरू



घरपालुवा जनावरको खाना र तपाईंको घरपालुवा जनावरहरूलाई चाहिने अन्य चीजहरू



मोबाइल फोन र फोन चार्जर



तस्बिरहरू र विशेष सम्झनाका चीजहरू





महत्त्वपूर्ण कागजातहरू, उदाहरणका लागि

- बीमाका कागजातहरू
- राहदानीहरू
- जन्म दर्ता प्रमाणपत्रहरू
- पैसा

## सम्भव भएसम्म जोखिम कम गर्नुहोस्।



घर वा अन्य सम्पत्ति खरिद गर्दा वा निर्माण गर्दा बाढी र आँधीबेहरीको बारेमा सोच्नुहोस्।




तपाईंको घरमा ढल्न सक्ने रूखहरू हटाउनुहोस्।



आफ्नो नाली र ढलहरू सफा राख्नुहोस्।

## आफ्ना छिमेकीहरूसँग सम्पर्कमा रहनुहोस् र आफ्नो समुदायमा संलग्न हुनुहोस्।

आफ्ना छिमेकीहरू खतराहरूबारे सचेत छन् र सुरक्षित छन् भन्ने कुराको जानकारी राख्नुहोस्।



# विपत्तिको बेलामा

## सुरक्षित भएर कदम चाल्नुहोस्।



बालबालिकाहरू र घरपालुवा जनावरहरूको हेरचाह गर्नुहोस्।



परिवार र छिमेकीहरूको हेरविचार गर्नुहोस्।




हावाले उडाउन सक्ने वा पानीले बगाउन सक्ने चीजहरू बाँधेर राख्नुहोस् वा हटाउनुहोस्




तपाईंको आपतकालीन किट प्रयोगको लागि तयारी अवस्थामा छ कि छैन हेर्नुहोस्।



यदि तपाईंले त्यो ठाउँ छोड्न चाहनु भयो भने, चाँडै निस्कनुहोस्।



भित्रै बस्नुहोस्। आँधीबेहरीको बेलामा, झ्यालहरू नजिकै नबस्नुहोस् र सम्भव भएसम्म विद्युतीय उपकरणहरू बन्द गर्नुहोस्।



बिजुली, पानी वा इन्टरनेट अवरूद्ध हुने सम्भावना रहन्छ, तयारी गर्नुहोस्।

# अद्यावधिक रहनुहोस्।

**आफ्नो वरिपरि के भइरहेको छ भन्ने कुराको बारेमा सचेत रहनुहोस्। नियमित रूपमा पूर्वानुमान, निगरानीहरू र चेतावनीहरूबारे जानकारी राख्नुहोस्।**

TAS ALERT Tasmania's official emergency information source

tasalert.com

ABC

तपाईंको स्थानीय ABC रेडियो स्टेशन
abc.net.au/hobart
abc.net.au/northtas

Australian Government Bureau of Meteorology

bom.gov.au

## सतर्कता (पहेँलो संकेत)

घटना सुरू भएको छ। तत्काल कुनै खतरा छैन। यो परिस्थिति परिवर्तन भएको खण्डमा अद्यावधिक रहनुहोस्।

## निगरानी राख्नुहोस् र कदम चल्नुहोस् (सुन्तला रंगको संकेत)

यो खतराको स्तर बढेको अवस्था हो। परिस्थितिहरू परिवर्तन हुँदैछन् र तपाईंले आफ्नो र आफ्नो परिवारको सुरक्षाको लागि अहिले नै कदम चाल्न सुरू गर्नुपर्छ।

## आपतकालीन चेतावनी (रातो संकेत)

आपतकालीन चेतावनी भनेको खतराको उच्चतम चेतावनी हो। तपाईं खतरामा हुन सक्नुहुन्छ र तुरून्तै कदम चाल्नपर्ने हुन सक्छ। अहिले कुनै पनि ढिलासुस्ती गर्नाले तपाईंको जीवनलाई जोखिममा पार्छ।

## घटना (सेतो संकेत))

घटना भनेको आपतकालीन चेतावनीमा परिणत हुनु अघिको प्रारम्भिक अवस्था हो। घटनाको जानकारी पाउने बित्तिकै, TasALERT ले घटनाको प्रकार र स्थान सहित आधारभूत जानकारी प्रकाशित गर्छ।

**बाढी पसेको पानीबाट टाढा रहनुहोस्।**
**यी खतरनाक हुन्छन्।**

# यदि तपाईंले त्यो ठाउँ छाड्नु भयो भने

## SES र तास्मानिया प्रहरीको सल्लाह पालना गर्नुहोस्।



साथीभाइहरू वा परिवारकहाँ सुरक्षित ठाउँमा वा निकासी केन्द्र (evacuation centre) मा जानुहोस्।




आफ्ना घरपालुवा जनावरहरू र आपतकालीन किट लिएर जानुहोस्।

# क्षति रोक्न मद्दत गर्नुहोस्।



आफ्नो घरको ग्यास र पानीको मुख्य पाइपलाइन र बिजुलीको मेनस्विच बन्द गर्नुहोस्।



शौचालयमा र बाथटब र हात धुने सिङ्कका प्वालहरूमा बालुवा वा माटो भरेको प्लास्टिकका झोलाहरू राख्नुहोस्।


# असुरक्षित महसुस नभएसम्म घरमै बस्नुहोस्।

घटना स्थल हेर्न **नजानुहोस्**।

यदि तपाईं बाहिर निस्किनु पर्ने भएमा, खतराका संकेतहरूप्रति सावधान रहनुहोस्।



सडकहरूमा पानीको भेल।



बिजुलीका तारहरू क्षतिग्रस्त छन्।




पहिरोहरू वा भूक्षय।




सडकहरू क्षतिग्रस्त छन्।



ढल निकासी वा रासायनिक खतराहरू।



क्षतिग्रस्त रूखहरू र छानाको पाता।



गाडी बिस्तारै चलाउनुहोस्, हेडलाइट बाल्नुहोस्, बाढी पसेको ठाउँबाट टाढा रहनुहोस्।

# विपत्ति पश्चात

- घटना पश्चात जानकारी र उपलब्ध सहायताको लागि अद्यावधिक समाचार सुनिरहनुहोस् र www.tasalert.com मा हेर्नुहोस्।
- यदि तपाईं घरबाट बाहिर निस्कनुभएको छ भने, SES वा तास्मानिया प्रहरीले सुरक्षित छ भनेर नभनेसम्म घर नफर्कनुहोस्।
- सडकमा रहेका भग्नावशेष वा क्षतिग्रस्त सडकहरू जस्ता खतराहरूबाट सावधान रहनुहोस्।


## आँधीबेहरी वा बाढीले तपाईंको घरलाई क्षति पुऱ्याएको खण्डमा



बलियो जुत्ता, पन्जा र सुरक्षात्मक लुगाहरू लगाउनुहोस्।



इजाजतपत्र प्राप्त इलेक्ट्रिशियन वा ग्यास-फिटरले परीक्षण नगरेसम्म बिजुली र ग्यास **नचलाउनुहोस्**।



बाढी प्रभावित भवनहरू भित्र टर्च लाइट प्रयोग गर्नुहोस्, कहिल्यै सलाई वा मैनबत्ती प्रयोग नगर्नुहोस्।



धाराको पानी सुरक्षित छ भनेर नभनिएसम्म पिउने पानी उमाल्नुहोस्।




कुनै पनि क्षतिको फोटो खिच्नुहोस् र आफ्नो बीमा कम्पनीलाई सम्पर्क गर्नुहोस्।



छिमेकीहरू सकुशल छन् कि छैनन् बुझ्नुहोस्।



यदि तपाईं अन्यत्र बस्नु परेमा, आफ्नो आपतकालीन किट र घरपालुवा जनावरहरू साथमा लैजानुहोस्।



बालबालिकाको रेखदेख गर्नुहोस्।

storm and flood ready

# थप जानकारी

**आँधीबेहरी र बाढीहरूका लागि तयारी**
ses.tas.gov.au

**हालका चेतावनीहरू**
www.tasalert.com

**आपतकालीन अवस्थाका प्रसारकहरू**
तपाईंको स्थानीय ABC रेडियो स्टेशन

**दक्षिणी तास्मानिया**
abc.net.au/hobart
936AM

**उत्तरी तास्मानिया**
abc.net.au/northtas
91.7FM (लन्सेस्टन)
102.5FM (बर्नी)
100.5FM (डेभनपोर्ट)
90.5FM (क्वीन्सटाउन)
88.5FM (किङ आइल्याण्ड)

**TAS SES सामाजिक सञ्जाल**
facebook.com/sestasmania
twitter.com/sestasmania
instagram.com/tasstateemergencyservice

**बाढी र आँधीबेहरीको आपतकालीन सहायताको लागि**

**132 500**

**मा फोन गर्नुहोस्**

**ज्यान-जाने जोखिमका आपतकालीन अवस्थाहरूको लागि तीन शून्य**

**000**

**मा फोन गर्नुहोस्**

संस्करण २ मार्च २०२४
ISBN 978-0-6454603-3-9

SES
TAS STATE EMERGENCY SERVICE

Tasmanian Government